बैठक संख्या ५३ मिति २०७६/०२/१३

आज मिति २०७६ साल जेष्ठ १३ गते ~~बुधबार~~ सोमबार दिन अर्जुनधारा नगरपालिकाका नगरप्रमुख श्री हरिकुमार रानाज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको (बोर्ड) बैठक देहाय उपस्थितीमा बसी निम्नानुसार छलफल तथा निर्णयहरु गरियो ।

उपस्थितीः

१	नगरप्रमुख	श्री हरिकुमार राना	अध्यक्ष	
२	नगर उपप्रमुख	श्री कमला खतिवडा आचार्य	सदस्य	
३	प्रमुख प्रशासकीय अधिकृत	श्री पंकज भुर्तेल	सचिव	
४	वडाध्यक्ष	श्री गजाधर खतिवडा	सदस्य	
५	वडाध्यक्ष	श्री रघुनाथ खनाल	सदस्य	
६	~~वडाध्यक्ष~~	~~श्री जीवकुमार भण्डारी~~	~~सदस्य~~	
७	वडाध्यक्ष	श्री जीवकुमार भण्डारी	सदस्य	
८	वडाध्यक्ष	श्री दुर्गाप्रसाद दाहाल	सदस्य	
९	वडाध्यक्ष	श्री ध्यानबहादुर भारती	सदस्य	
१०	वडाध्यक्ष	श्री लोकनाथ गौतम	सदस्य	
११	वडाध्यक्ष	श्री नवराम ढुङ्गाना	सदस्य	
१२	वडाध्यक्ष	श्री गोपीचन्द्र गौतम	सदस्य	
१३	वडाध्यक्ष	श्री पुष्पकुमार प्रसाई	सदस्य	
१४	वडाध्यक्ष	श्री बलदेवसिंह गोम्देन तामाङ्ग	सदस्य	
१५	वडाध्यक्ष	श्री भैरवबहादुर खड्का	सदस्य	
१६	सदस्य	श्री लक्ष्मी तामाङ्ग	सदस्य	
१७	सदस्य	श्री हरिमाया भण्डारी	सदस्य	
१८	सदस्य	श्री शकुन्तला बराल	सदस्य	
१९	सदस्य	श्री दिलमाया शिवा	सदस्य	
२०	सदस्य	श्री दिलिप गुरुङ्ग	सदस्य	
२१	सदस्य	श्री खिनमान दास	सदस्य	
२२	सदस्य	श्री रमेशकुमार दर्जी	सदस्य	
२३	〃	श्री शारदा अहिराई 〃		

मिति २०७६/०२/१३ गते को बोर्ड बैठकबाट देहाय बमोजिम निर्णयहरु गरियो ।

१.अर्जुनधारा नगरपालिकाको शेयर लगानी सम्बन्धि कार्यविधि,२०७६ स्वीकृत गरी लागू गर्ने ।

२.प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संघीय सरकारबाट प्राप्त रु ३० लाख बाट सञ्चालन गरिने कार्यक्रमका सम्बन्धमा आवश्यक निर्णय नगर प्रमुख,उप प्रमुख,प्रमुख प्रशासकीय अधिकृत र रोजगार संयोजक बसी तय गर्ने ।

३.वडा नं ९ स्थित गोल्धाप पश्चिम अदुवा खोला पुल निर्माणका लागि अपुग रकम रु २,३६,०००/- (दुई लाख छत्तिस हजार मात्र) सम्बन्धित वडाको आगामी वर्षको दायित्वमा रहने गरी विनियोजन गर्ने । वडा नं ११ स्थित महारानीगञ्ज माध्यमिक विद्यालयको अधुरो भवन निर्माण गर्नका लागि रु ४ लाख आगामी वर्षको दायित्वमा रहने गरी विनियोजन गर्ने ।साथै,वडा नं २ को साठिमुरे स्वास्थ्य चौकी,बेल्टार गाँजाबारी जाने बाटो र वडा कार्यालयको जमिन सम्याउने लगायतका मर्मत सम्भारका लागि आगामी आर्थिक वर्षको दायित्वमा रहने गरी रु १ लाख पचास हजार मात्र विनियोजन गर्ने ।

४.देहाय विवरण अनुसारको आर्थिक सहायता उपलब्ध गराउने ।

क.अर्जुनधारा -२ बस्ने श्री गोपि विष्टलाई औषधोपचार सहयोग बापत रु ५ हजार उपलब्ध गराउने ।

ख.विष्णु शिवाकोटी (बोस)लाई औषधोपचार सहयोग बापत रु २५ हजार उपलब्ध गराउने ।

ग.शनिश्चरे तेक्वान्दो डोजाङ्गलाई प्रदेश स्तरीय तेक्वान्दो प्रतियोगितामा सहभागि हुन रु ९ हजार मात्र र खेलाडी पोसाक खरिद गर्न रु ५६ हजार मात्र उपलब्ध गराउने ।

घ.गणतन्त्र दिवशको अवसरमा ज्येष्ठ १५ गते भद्रपुरमा आयोजना हुने कार्यक्रममा नगरपालिकाको तर्फबाट समेत झाँकी सहभागि गराउने र सो वापतको खर्च नगरपालिकाले व्यहोर्ने ।

५.वडा नं ३ को सुखानी खोलामा पुल निर्माण गर्नका लागि प्रदेश सरकार समक्ष अनुरोध गर्ने ।साथै वडा नं ३ को सर्वेश्वर शिवालय मन्दिर अगाडिको सडकमा प्लम्ब निर्माण तथा सडक मर्मत सम्भारका लागि रु १ लाख मात्र र रेन्बो चौकमा कल्भर्ट निर्माण गर्न रु २ लाख मात्र विनियोजन गर्ने ।

६.आदर्श माध्यमिक विद्यालय,ईलामको नाममा यस अर्जुनधारा नगरपालिका वडा नं ६ मा रहेको जग्गा संरक्षण,सम्वर्द्धन तथा भाडामा लिने सम्बन्धमा आदर्श माध्यमिक विद्यालय र अर्जुनधारा नगरपालिकाबिच समझदारी (MoU) गर्ने सम्बन्धमा प्रक्रिया अघि बढाउने ।

७.वडा नं २ को सिकारी खोलामा रहेको नदिजन्य सामाग्री उत्खनन गर्ने गर्न ठेक्का लगाउने सम्बन्धमा सम्बन्धित वडाका जनप्रतिनिधि,पत्रकार,निर्माण व्यवसायी,राजनैतिक दलका प्रतिनिधि एवं स्थानीय जनतासँग सार्वजनिक सुनुवाई एवं अन्तर्क्रिया गरी प्रक्रिया अघि बढाउने ।

१५/०२/२०७६

हरी कुमार राना मगर
नगर प्रमुख

७.वडा नं २ को सिकारी खोलामा रहेको नदिजन्य सामाग्री उत्खनन गर्ने गर्न ठेक्का लगाउने सम्वन्धमा सम्बन्धित वडाका जनप्रतिनिधि,पत्रकार,निर्माण व्यवसायी,राजनैतिक दलका प्रतिनिधि एवं स्थानीय जनतासँग सार्वजनिक सुनुवाई एवं अन्तर्क्रिया गरी प्रक्रिया अघि बढाउने ।

८.वडा नं २ सहकालेमा स्वास्थ्य चौकी भवनका लागि जग्गा प्राप्त गर्ने सन्दर्भमा जग्गादाता श्री धनबहादुर बस्नेतबाट एक कट्ठा जग्गा अनुदान दिनुहुने भएकमा निजले गोबर ग्याँस निर्माण गर्न स्थानीय सहकारीबाट ऋण लिई जग्गा रोक्का रहेको र हाल साँवा ब्याज गरी रु ८७ हजार मात्र तिर्नुपर्ने देखिएकामा सो जग्गा रोक्का फुकुवा गर्न आवश्यक रकम मध्ये यस नगरपालिकाका जनप्रतिनिधिहरुको चौथो नगर सभाको भुक्तानी बाँकी बैठक भत्ता बाट एक दिनको बैठक भत्ताबाट रु ६० हजार रुपैया मात्र संकलन गरी उपलब्ध गराउने र उक्त जग्गा कार्यालयको नाममा नामसारी गर्नका लागि आवश्यक प्रक्रिया अघि बढाउने।

१५/०२/२०७६

हरी कुमार राजा नगर
नगर प्रमुख